# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको
## एघारौं वार्षिक साधारण सभाको काम कार्यवाहीको विवरण (माइन्यूट)

**१. वैद्यानिक सभा :**

सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०९/०८ गते बसेको सञ्चालक समितिको २५२औं बैठकको निर्णय नं. १ र ३ को निर्णय बमोजिम कम्पनी ऐन २०६३, दफा ६७ (१) को (क) र संस्थाको नियमावलीको नियम १८ (१) को (क) बमोजिम बोलाइएको एघारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री महेश कुमार पोखरेलज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी तपशिलका विषयहरू उपर छलफल तथा निर्णयहरू भयो ।

**२. साधारण सभा बसेको मिति, स्थान र समय :**

सभा हुने मिति : २०८२/०९/३० गते बुधबार (तद्अनुसार १४ जनवरी, २०२६) ।
सभा हुने स्थान : **SKY LUXE HOTEL**, इटहरी-१, सुनसरी ।
सभा हुने समय : बिहान ११ : ०० बजे ।

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार एघारौं वार्षिक साधारण सभाको सूचना तथा आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन एंव वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८२ पौष ९ गते प्रथम पटक र मिति २०८२ पौष १३ गते दोश्रो पटक आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति स्थान, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरूको जानकारीका लागि प्रकाशित गरिएको थियो ।

**४. छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावहरू :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन, २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिर्वतन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।

(३) आ.व. २०८२/०८३ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्न प्रस्ताव पेश गर्ने ।

(४) आ.व. २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट ०.५० प्रतिशत नगद लाभाशं (बोनस शेयर सहितको कर प्रयोजनार्थ) रू. ६,१२,२१७।२५ (अक्षरेपी छ लाख बाह्र हजार दुई सय सत्र पैसा पच्चीस मात्र) वितरण गर्न प्रस्ताव पेश गर्ने ।

(५) सञ्चालक समितिमा संस्थापक शेयरधनी समूह (समूह "क") बाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालक पदको निर्वाचन गर्ने ।

कम्पनी सचिव अध्यक्ष

**(ख) विशेष प्रस्तावहरू :**

(१) आ.व. २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रू. १२,२४,४३,४४८।९९ को ९.५० प्रतिशतले हुने रकम रू.१,१६,३२,१२७।६५(अक्षरेपी एक करोड सोह्र लाख बत्तिस हजार एक सय सत्ताइस पैसा पैसठ्ठी मात्र) बोनस शेयर वितरण गर्ने प्रस्ताव पेश गर्ने ।

(२) वित्तीय संस्थाको प्रबन्ध पत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुँजी र ६ (ग) मा हाल कायम रहेको चुक्ता शेयर पुँजी रू.१२,२४,४३,४४८।९९ (अक्षरेपी बाह्र करोड चौबिस लाख त्रिचालिस हजार चार सय अठचालिस रूपैया उनान्सय पैसा मात्र) मा आ.व.२०८१/०८२ को प्रस्तावित बोनश शेयर लाभांश जारी गरे पश्चात यस वित्तीय संस्थाको कूल जारी तथा चुक्ता पूँजी वृद्धि गरी रू. १३,४०,७५,५७६।६४ (अक्षरेपी तेह्र करोड चालिस लाख पचहत्तर हजार पाँच सय छयहत्तर रूपैया चौसठ्ठी पैसा मात्र) पुऱ्याउन प्रस्ताव पेश गर्ने ।

(३) यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति भई जाने सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्ने ।

(४) माथि उल्लेखित विशेष प्रस्तावहरू पारित भए पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायहरूबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पेश गर्ने ।

**(ग) विविध :**

**५. उपस्थिति :**

**५.१ उपस्थित सञ्चालकहरू : (कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम)**

| | |
|---|---|
| १. श्री महेश कुमार पोखरेल | अध्यक्ष |
| २. श्री सुमित अधिकारी | सञ्चालक |
| ३. श्री होम शंकर दाहाल | सञ्चालक |
| ४. श्री तारादेवी भट्टराई | सर्वसाधारण सञ्चालक |
| ५. श्री दिव्य प्रसाद कोइराला | सर्वसाधारण सञ्चालक |
| ६. श्री गोविन्द लाल कर्ण | स्वतन्त्र सञ्चालक |

**५.२ उपस्थित अतिथिज्यूहरू :**

| | |
|---|---|
| १. अतिथि | : श्री अशोक कुमार प्रधान, संस्थापक अध्यक्ष तथा संस्थापक शेयरधनी । |
| २. अतिथि | : श्री प्रदीप अधिकारी, पूर्व अध्यक्ष तथा संस्थापक शेयरधनी । |
| ३. अतिथि | : श्री कमल प्रसाद तिम्सीना, पूर्व सञ्चालक तथा संस्थापक शेयरधनी । |



कम्पनी सचिव

अध्यक्ष

४. अतिथि : श्री पार्वता कुमारी गौतम, पूर्व सञ्चालक तथा संस्थापक शेयरधनी ।

५. अतिथि : श्री राजेन्द्रप्रसाद भट्टराई, निर्वाचन समिति संयोजक तथा संस्थापक शेयरधनी ।

**५.३ अन्य पदाधिकारीको उपस्थिति :**

१. श्री महेश कुमार चौधरी : प्रमुख कार्यकारी अधिकृत

२. श्री विष्णु कान्त चौधरी : नायव कार्यकारी अधिकृत तथा कम्पनी सचिव

३. श्री डिल्लीराम पोखरेल : बरिष्ठ अधिकृत, प्रमुख-आन्तरिक लेखापरिक्षण विभाग

४. श्री संजय कुमार चौधरी : बरिष्ठ अधिकृत, प्रमुख-कर्जा तथा जोखिम व्यवस्थापन विभाग

५. श्री राजेन्द्र पहाडी : अधिकृत, प्रमुख-लेखा तथा सूचना प्रविधी विभाग

६. श्री सोकेन्द्र कुमार राय : अधिकृत, आन्तरिक लेखापरिक्षण विभाग

७. श्री ललिता चौधरी : कनिष्ठ अधिकृत, कर्जा तथा जोखिम व्यवस्थापन विभाग

साथै केन्द्रीय कार्यालयका अन्य सम्पूर्ण कर्मचारीहरूको समेत सहभागिता रहेको थियो ।

**५.४ शेयरधनीहरूको उपस्थिति : (सम्लग्न सूची अनुसार)**

जम्मा उपस्थिति संख्या : १३५ शेयरधनी (स्वयम ५४ जना, प्रोक्सी मार्फत ८१ जना)

**६. सभाको वैधानिकता र गणपूरक संख्या :**

६.१ कम्पनी ऐन, २०६३ (संशोधन सहित २०७३) तथा वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनेगरी कुल शेयरधनीहरू मध्ये कम्तिमा तीन जना शेयरधनीहरू उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम संस्थाको एघारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिर जनाउने १३५ शेयरधनी (स्वयम ५४ शेयरधनी, प्रोक्सी मार्फत ८१ शेयरधनी) जना भएको र कुल शेयरको ६३.१४ % (प्रतिशत) प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको घोषणा गरी प्रचलित कम्पनी ऐन अनुसार सभा वैद्यानिक भएको जानकारी गराउनु भयो ।

६.२ साधारणसभामा तपशिल बमोजिमको शेयरधनीहरूको उपस्थिती रहको थियो : कम्पनी ऐन, २०६३ (संशोधन सहित २०७३) को दफा ७३(२) तथा संस्थाको नियमावलीको नियम २३ अनुरूप)

| कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | स्वयं उपस्थित शेयर संख्या (क) | प्रतिनिधिद्धारा उपस्थित शेयर संख्या (ख) | जम्मा (क+ख) | उपस्थित शेयर संख्या प्रतिशत |
|---|---|---|---|---|---|---|
| १२,२४,४३४।४९ | ७,३४,६६०।६९ | ४,८९,७७३।८० | २,९४,९५१ | ४,७८,१६९ | ७,७३,१२० | ६३.१४ |

कम्पनी सचिव

अध्यक्ष

७. सभाको कार्यकम प्रारम्भ : अध्यक्षता, आसन ग्रहण, स्वागत तथा समुद्घाटन :

७.१ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्नुपर्ने भएको हुँदा, कम्पनी सचिवले सो कुराको जानकारी गराउँदै वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभाको उद्घाटन सत्रको सभापतित्वको आसन ग्रहण अध्यक्ष श्री महेश कुमार पोखरेलज्यूले गर्नु भयो ।

७.२ सभामा सञ्चालकहरू श्री सुमित अधिकारी, श्री होम शंकर दाहाल, श्री तारा देवी भट्टराई, श्री दिव्य प्रसाद कोइराला र श्री गोविन्द लाल कर्ण तथा अतिथिका रूपमा संस्थापक अध्यक्ष तथा शेयरधनी श्री अशोक कुमार प्रधान, पूर्व अध्यक्ष तथा शेयरधनी श्री प्रदीप अधिकारी, पूर्व सञ्चालक तथा शेयरधनी श्री कमल प्रसाद तिम्सीना, श्री पार्वता कुमारी गौतम र निर्वाचन समिति संयोजक तथा शेयरधनी श्री राजेन्द्र प्रसाद भट्टराईलाई मञ्चमा आसन ग्रहण गराई कार्यक्रम अगाडि बढाईएको थियो ।

७.३ कार्यकममा अध्यक्ष, सञ्चालक तथा अतिथिज्यूहरूलाई खादा ओढाएर सम्मान गर्दै, राष्ट्रिय गान बजाएर कार्यक्रम शुरू गरिएको थियो ।

७.४ सञ्चालक श्री तारा देवी भट्टराईले उपस्थित सबै शेयरधनी तथा अतिथि महानुभावहरूलाई सभाको कार्यक्रममा स्वागत गर्दै आफ्नो मन्तव्य दिनुभएको थियो ।

७.५ सभामा संस्थाका अध्यक्ष तथा कार्यकमका सभापति श्री महेश कुमार पोखरेलज्यूलाई गमलामा भएको हरियो पौधामा पानीहाली समुद्घाटन गरी दिनुहुन कम्पनी सचिवले आग्रह गरी सोही अनुसार अध्यक्षज्यूले गमलामा भएको हरियो पौधामा पानीहाली साधारण सभाको समुद्घाटन गर्नु भयो ।

७.६ पूर्व अध्यक्ष तथा शेयरधनी श्री प्रदीप अधिकारीले साधारण सभा सफलताको लागि शुभकामना मन्तव्य दिनुभयो ।

शेयरधनी महानुभावहरूलाई स्वागत तथा शुभकामना मन्तव्य कार्यक्रम पछि कम्पनी सचिवले सभाको कार्यक्रम अघि बढाउनु भयो ।

८. आ.व. २०८१/०८२ को एघारौं वार्षिक प्रतिवेदनको प्रस्तुति :

८.१ सभाको प्रारम्भको क्रममा पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ.व. २०८१/०८२ को संक्षिप्त प्रगति विवरण अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भयो ।

८.२ सञ्चालक समितिका तर्फबाट तयार गरिएको प्रतिवेदन अध्यक्षज्यूले प्रस्तुत गर्नु भए पश्चात कम्पनी सचिवले साधारण सभा समक्ष छलफल तथा पारितका लागि प्रस्ताव (एजेण्डा) प्रस्तुत गर्नका लागि संस्थाका अध्यक्ष तथा कार्यकमका सभापति श्री महेश कुमार पोखरेलज्यूलाई आग्रह गरी सोही अनुसार अध्यक्षज्यूले छलफल तथा पारितका लागि प्रस्ताव (एजेण्डा) प्रस्तुत गर्नु भयो ।

कम्पनी सचिव



अध्यक्ष

९. **छलफलका लागि आव्हान र छलफलमा सहभागी शेयरधनी महानुभावहरू :**

९.१ वित्तीय संस्थाको आ.व. २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन, २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०८१/०८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका प्रस्तावहरू उपर आ-आफ्नो मन्तव्य प्रस्तुत गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नु भयो । देहायका शेयरधनी महानुभावहरूले छलफलको क्रममा प्रत्यक्ष रूपले सहभागी हुँदै देहाय बमोजिमको प्रश्न तथा सुझावहरू व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी शेयरधनी महानुभावहरूको नाम :

१. श्री कमल प्रसाद तिम्सीना, २. श्री राजेन्द्रप्रसाद भट्टराई, ३. श्री राम प्रसाद मिश्र र ४. टिका प्रसाद दाहाल

१०. **छलफलमा सहभागी संस्थापक तथा सर्वसाधारण शेयरधनीहरूले व्यक्त गर्नु भएका सुझाव तथा जिज्ञासाहरूको सारांश:**

- शेयरधनी श्री कमल प्रसाद तिम्सीनाले संस्थाले कर्जा लगानीका लागि लिएको रकममध्ये तरलता अवस्था के रहेको छ? सबै रकम प्रयोगमा छ कि छैन? साथै विगतमा संस्थाको रकम हिनामिना गर्ने कर्मचारीको विरूद्धमा संस्थाले मुद्दा दर्ता गरी जिल्ला तथा उच्च अदालतबाट संस्थाले मुद्दा जितिसकेको अवस्थामा हाल असुलीका लागि के कस्ता प्रयत्न भएका छन् सो सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो ।
- शेयरधनी श्री राजेन्द्र प्रसाद भट्टराईले सामाजिक उत्तरदायित्व कोषको रकम के कसरी खर्च गरिरहेको छ? उक्त रकम सामाजिक हितका साथै संस्थाको उत्पादकत्व वृद्धी हुने गरि खर्च हुनुपर्ने सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो ।
- शेयरधनी श्री राम प्रसाद मिश्रले कर्जाको विस्तार सँगै कर्जाको गुणस्तर कायम गर्न साथै संस्थाले आन्तरीक नियन्त्रणका लागि अनुगमन तथा नियन्त्रणका लागि के कस्ता कार्यहरू गरिरहेको छ, सो सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो ।
- शेयरधनी श्री टिका प्रसाद दाहालले शाखा कार्यालयहरूको अवस्थाका बारेमा जिज्ञासा राख्दै शाखा कार्यालयहरूलाई वर्गिकरण गरी उत्कृठ शाखा कार्यालयहरूलाई पुरष्कृत गर्नुपर्ने र कमजोर शाखा कार्यालयहरूलाई नजिकबाट अनुगमन गरी कर्मचारीहरूलाई उत्प्रेरित गराउन र उनिहरूको मनोबल बढाउने कार्यक्रम सञ्चालन गर्नका लागि सुझाव दिनु भयो ।

छलफलमा औपचारीक तथा अनौपचारीक रूपमा सहभागी शेयरधनीहरूले समग्रमा, लघुवित्त क्षेत्रमा देखिएको नकारात्मक प्रचारले लघुवित्तलाई मात्र नभई समस्त बैंकिङ्ग क्षेत्रकै सञ्चालन श्रृङ्खला विगार्ने कार्य गरिरहेकोमा चिन्ता व्यक्त गर्दै लघुवित्तको मर्म साथै गरिवको भावना बुझेर संस्थागत हितलाई समेत ध्यानमा राख्दै वित्तीय विवरणहरू स्वस्थ्य राख्दै कार्य गर्न व्यवस्थापनलाई सुझाव दिनु भयो र हाल सम्मको संस्थाको उन्नति प्रगतिमा खुसी व्यक्त गर्नु भयो ।

कम्पनी सचिव



अध्यक्ष

**११. शेयरधनी महानुभावहरूले सभामा व्यक्त गर्नुभएको जिज्ञासा तथा सुझाव प्रति आभार प्रकट गर्दै अध्यक्षज्युले सभामा उठेका जिज्ञासा तथा प्रश्नहरूको सामुहिक रूपमा उत्तर दिनुभयो ।**

शेयरधनीहरूको जिज्ञासामा नीतिगत कुराहरू, लघुवित्त वित्तीय संस्थाहरूका विरूद्धमा भई रहेका नकारात्मक प्रचार प्रसार र यसले वित्तीय संस्थाको कार्यक्रममा पारेको असर सम्बन्धमा अध्यक्षज्यूले जवाफ दिनुभयो र व्यवस्थापन सँग सम्बन्धित जिज्ञासा तथा प्रश्नहरूको जवाफ प्रमुख कार्यकारी अधिकृत र नायव कार्यकारी प्रमुखले दिनु भएको थियो ।

साधारण सभाको मार्गदर्शन, नियामक निकायबाट प्राप्त निर्देशन, बाह्य तथा आन्तरिक लेखापरिक्षकको सुझाव, कैफियतहरूको सुधार तथा निराकरण गरी संस्थाको दिगो विकासका लागि सेवाग्राहीलाई सरल, सुलभ गुणस्तरीय सेवा प्रदान गर्दै लगानीकर्तालाई लगानीको निरन्तर प्रतिफल प्रदान गर्न सदा सर्वदा दत्तचित्त रहेको र रहने प्रतिबद्धता व्यक्त गर्दै सभामा शेयरधनीहरूको सक्रिय सहभागिताका लगि अध्यक्षज्यूले आभार व्यक्त गर्नु भयो ।

**१२. सभाको निर्णय :**

**(क) सामान्य प्रस्तावहरू :**

**(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।**

- सभामा प्रस्तुत आ.व. २०८१/०८२ को सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको प्रतिवेदन सभाले छलफल सहित सर्वसम्मतीबाट पारित गऱ्यो ।

**(२) लेखापरीक्षकको प्रतिवेदन, २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिर्वतन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।**

- लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/०८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्विटीमा भएको परिर्वतन लगायतका वित्तीय विवरणहरू पारित गरियोस भनी सभा समक्ष वित्तीय विवरणहरू पेश गरिएकोमा, सभाले प्रस्तुत वित्तीय विवरणहरू सर्वसम्मतीले पारित गऱ्यो ।

**(३) आ.व. २०८२/०८३ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्न प्रस्ताव पेश गर्ने ।**

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ (संशोधन सहित) को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनी लेखा परिक्षण समिति तथा सञ्चालक समितिबाट सिफारीस भई आए बमोजिम, प्राप्त दरभाउ पत्र अनुसार सबैभन्दा कम दरभाउ पेश गर्ने के.यु.यस. एण्ड एसोसिएट्सको मूल्य अभिवृद्धि कर बाहेक रू.३,००,०००।००, भुक्तानी गर्ने गरी आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्न नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

कम्पनी सचिव



अध्यक्ष

तपशिल :

| क्र.सं. | फर्मको नाम | प्रोपराइटरको नाम | पारिश्रमिक रू. | कैफियत |
|---|---|---|---|---|
| १ | किन्जल एण्ड एसोसिएट्स | किन्जल पोखरेल | ३,८०,०००/- | भ्याट बाहेक |
| २ | टि.पी.वाइ. एण्ड एसोसिएट्स | तिर्थ प्रसाद यादव | ३,६०,०००/- | भ्याट बाहेक |
| ३ | के.यु.यस. एण्ड एसोसिएट्स | क्षीतीज कोइराला | ३,००,०००/- | भ्याट बाहेक |

**(४) आ.व. २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट ०.५० प्रतिशत नगद लाभांश (बोनस शेयर सहितको कर प्रयोजनार्थ) रू. ६,१२,२१७।२५ (अक्षरेपी छ लाख बाह्र हजार दुई सय सत्र पैसा पच्चीस मात्र) वितरण गर्न प्रस्ताव पेश गर्ने ।**

- आ.व. २०८१/०८२ को कारोबारबाट आर्जित मुनाफाको ९.५ प्रतिशत बोनस शेयर सहितको कर प्रयोजनको लागि छुट्टाएको नगद लाभांश सम्बन्धी प्रस्ताव सभा समक्ष पेश गर्दा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(५) सञ्चालक समितिमा संस्थापक शेयरधनी समूह (समूह "क") बाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालक पदको निर्वाचन गर्ने ।**

- उल्लेखित प्रस्ताव कम्पनी सचिवद्वारा सभा समक्ष पेश गरी प्रस्तावबारे विस्तृत जानकारी गराउन निर्वाचन समिति संयोजक श्री राजेन्द्र प्रसाद भट्टराईलाई आग्रह गरिएको, निर्वाचन संयोजकज्यूले संस्थाको संस्थापक शेयरधनी समूह (समूह "क") बाट १ जना सञ्चालक पदको लागि गरिएको निर्वाचन कार्यक्रम र निर्वाचन प्रकृयामा संस्थापक शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई तोकिएको संख्या बराबर मात्र उम्मेदवारको अन्तिम नामावली कायम भएकोले संस्थापक शेयरधनीतर्फ श्री हर्ष महेशवरी निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

  निर्वाचन समितिको संयोजक श्री राजेन्द्रप्रसाद भट्टराईले प्रस्तुत गर्नु भएको उपरोक्त विवरण अनुसारका संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व हुने गरी सञ्चालक पदमा नियुक्तिको लागि सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**(ख) विशेष प्रस्तावहरू :**

**(१) आ.व. २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रू. १२,२४,४३,४४८।९९ को ९.५० प्रतिशतले हुने रकम रू.१,१६,३२,१२७।६५ (अक्षरेपी एक करोड सोह्र लाख बत्तिस हजार एक सय सत्ताइस पैसा पैसठ्ठी मात्र) बोनस शेयर वितरण गर्न प्रस्ताव पेश गर्ने ।**

- आ.व.२०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रू. १२,२४,४३,४४८।९९ को ९.५० प्रतिशतले हुने रकम रू.१,१६,३२,१२७।६५ (अक्षरेपी एक करोड सोह्र लाख बत्तिस हजार एक सय सत्ताइस पैसा पैसठ्ठी मात्र) बराबर बोनस शेयर पारित गर्ने साधारण सभामा प्रस्तुत प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

कम्पनी सचिव

अध्यक्ष

(२) **वित्तीय संस्थाको प्रबन्ध पत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुँजी र ६ (ग) मा हाल कायम रहेको चुक्ता शेयर पुँजी रू.१२,२४,४३,४४८।९९ (अक्षरेपी बाह्र करोड चौबिस लाख त्रिचालिस हजार चार सय अठचालिस रूपैया उनान्सय पैसा मात्र) मा आ.व.२०८१/०८२ को प्रस्तावित बोनश शेयर लाभांश जारी गरे पश्चात यस वित्तीय संस्थाको कूल जारी तथा चुक्ता पूँजी वृद्धि गरी रू. १३,४०,७५,५७६।६४ (अक्षरेपी तेह्र करोड चालिस लाख पचहत्तर हजार पाँच सय छयहत्तर रूपैया चौसट्ठी पैसा मात्र) पुऱ्याउन प्रस्ताव पेश गर्ने ।**

- वित्तीय संस्थाको प्रबन्ध पत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुँजी र ६(ग) मा हाल कायम रहेको चुक्ता शेयर पुँजी रू.१२,२४,४३,४४८।९९ (अक्षरेपी बाह्र करोड चौबिस लाख त्रिचालिस हजार चार सय अठचालिस रूपैया उनान्सय पैसा मात्र) मा आ.व.२०८१/०८२ को प्रस्तावित बोनश शेयर लाभांश जारी गरे पश्चात यस वित्तीय संस्थाको कूल जारी तथा चुक्ता पूँजी वृद्धि गरी रू. १३,४०,७५,५७६।६४ (अक्षरेपी तेह्र करोड चालिस लाख पचहत्तर हजार पाँच सय छयहत्तर रूपैया चौसट्ठी पैसा मात्र) पुऱ्याउने सम्बन्धमा साधारण सभामा प्रस्तुत प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

(३) **यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति भई जाने सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्ने ।**

- यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने/प्राप्ती भई जाने सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिमा अख्तियारी प्रदान गर्ने प्रस्तुत प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

(४) **माथि उल्लेखित विशेष प्रस्तावहरू पारित भए पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सोही सम्बन्धमा नियमनकारी निकायहरूबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पेश गर्ने ।**

- माथि उल्लेखित विशेष प्रस्तावहरू पारित भए पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सोही सम्बन्धमा नियमनकारी निकायहरूबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्तुत प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

(ग) **विविध :**

- नवनिर्वाचित सञ्चालकलाई निर्वाचन समितिको संयोजकज्यूबाट निर्वाचित भएको प्रमाणपत्र प्रदान गरी बधाई ज्ञापन गरिएको थियो । साथै, निर्धारित बिषयसूची विविध प्रस्ताव उपर छलफल गर्नुपर्ने र प्रस्ताव पारित गर्नुपर्ने थप कुनै बिषयबस्तु नभएको व्यहोरा अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

कम्पनी सचिव

अध्यक्ष

**१३. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरू छलफलमा सकारात्मक तथा सक्रिय रूपले सहभागी हुनुका साथै आवश्यक मार्गदर्शन समेत प्राप्त भएकोमा सबै शेयरधनीहरूलाई धन्यवाद दिनु भयो । एघारौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एंव सम्पन्न गर्न आफ्नो अमुल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरूलाई धन्यवाद ज्ञापन गर्नु भयो र साधारण सभा सौहार्द्रपूर्ण वातावरणमा प्रस्तावहरू माथि घनिभुत छलफल भई सर्वसम्मत निर्णयका साथ सम्पन्न भएकोमा आगामी दिनका लागि अघि बढ्न थप उर्जा प्राप्त हुन गएको जाहेर गर्दै उपस्थित सबै शेयरधनी तथा आमन्त्रित अतिथिहरूलाई धन्यवाद ज्ञापन गर्दै अपरान्ह ३:३० बजे अध्यक्षज्यूले सभा बिसर्जन गर्नु भयो ।

..............................
**बिष्णु कान्त चौधरी**
कम्पनी सचिव
कम्पनी सचिव

..............................
**महेश कुमार पोखरेल**
अध्यक्ष
अध्यक्ष